'वाचा' र 'कर्मणा'– दुवै शक्तिलाई जम्मा गर्ने ईश्वरीय योजना

आज रूहानी ज्योतिले आफ्ना रूहानी पुतलीहरूलाई देखिरहनु भएको छ। चारैतिरका पुतलीहरू ज्योतिमाथि फिदा अर्थात् कुर्बान भएका छन्। कुर्बान अथवा फिदा हुने अनेक पुतलीहरू छन् तर कुर्बान भए पछि ज्योतिको स्नेहमा 'ज्योति समान' बन्नमा, कुर्बानी गर्नमा भने नम्बरवार छन्। वास्तवमा कुर्बान भइन्छ नै दिलको स्नेहको कारणले। 'दिलको स्नेह' र 'स्नेह'– यसमा पनि अन्तर हुन्छ। स्नेह सबैको छ, स्नेहको कारणले कुर्बान भएका छन्। 'दिलका स्नेहीले' बाबाको दिलको कुरालाई अथवा दिलका आशाहरूलाई जानेका पनि छन् र तिनलाई पूर्ण गर्छन् पनि। दिलका स्नेही दिलको आशा पूर्ण गर्नेहरू हुन्छन्। दिलका स्नेही अर्थात् जे बाबाको दिलले भन्यो त्यो बच्चाहरूको दिलमा समाहित भयो। अनि जुन दिलमा समाहित छ त्यो स्वत: नै कर्ममा हुन्छ। स्नेही आत्माहरूको केही दिलमा समाहित हुन्छ केही दिमागमा समाहित हुन्छ। जुन दिलमा समाहित छ त्यो कर्ममा ल्याउँछन् र जसले दिमागमा समाहित गर्छ उसमा सोच चल्छ– गर्न सकिने हो कि होइन, गर्नु त छ नै, समयमा भई नै हाल्नेछ। यस्ता सोच चल्ने भएकोले सोच सम्ममा नै रहन्छ कर्ममा आउँदैन।

आज बापदादाले हेरिरहनु भएको थियो– कुर्बान जाने त सबै छन्। यदि कुर्बान जाँदैनथे भने ब्राह्मण कहलाउँदैनथे। तर बाबाको स्नेह पश्चात जे बाबा भन्नुहुन्छ त्यो गर्नको लागि कुर्बानी गर्नु पर्छ अर्थात् आफ्नोपन, चाहे आफ्नोपनमा अभिमान होस् वा कुनै कमजोरी होस्– दुवैको त्याग गर्नु पर्ने हुन्छ, यसलाई भनिन्छ कुर्बानी। कुर्बानी हुनेहरू थुप्रै छन् तर धेरै त्याग गर्नको लागि हिम्मत भएकाहरू नम्बरवार छन्।

आज बापदादाले केवल एक महिनाको रिजल्ट हेरिरहनु भएको थियो। यही सीजनमा विशेष बापदादाले 'बाबा समान' बन्नको लागि भिन्न-भिन्न रूपले कति पटक इशारा दिनु भयो र बापदादाको विशेष यही दिलको श्रेष्ठ आशा पनि छ। यतिका खजाना मिल्यो, वरदान मिल्यो! वरदानको लागि भागी-भागी आउँछौ। बाबालाई पनि खुशी हुन्छ– बच्चाहरू स्नेहले मिल्न आउँछन् र वरदान लिएर खुशी हुन्छन्। तर बाबाको दिलको आशा पूर्ण गर्ने को छ? जे बाबाले सुनाउनु भएको छ त्यसलाई कर्ममा कहाँसम्म ल्यायौ? मनसा, वाचा, कर्मणा– तीनैको रिजल्ट कहाँसम्म बुझ्दछौ? शक्तिशाली मनसा– सम्बन्ध-सम्पर्कमा कहाँसम्म आयो? केवल आफू एक्लै बसेर मनन मात्रै गर्यौ– यो स्वउन्नतिका लगि धेरै राम्रो छ र गर्नु नै छ। तर जुन श्रेष्ठ आत्माहरूका श्रेष्ठ मनसा अर्थात् संकल्प शक्तिशाली हुन्छन्, शुभ-भावना, शुभ-कामना भएका हुन्छन्। त्यस्ताको मनसा शक्तिको दर्पण के हो? दर्पण हो बोली र कर्म। चाहे अज्ञानी आत्मा हुन्, चाहे ज्ञानी आत्मा हुन्– दुवैको सम्बन्ध-सम्पर्कमा बोली र कर्म नै दर्पण हुन्छ। यदि बोली र कर्म शुभ-भावना, शुभ-कामना भएका हुँदैनन् भने मनसा शक्तिको प्रत्यक्षस्वरूप कसरी बुझ्न सकिन्छ? जसको मनसा शक्तिशाली वा शुभ हुन्छ त्यसताको वाचा र कर्मणा स्वत: नै शक्तिशाली र शुद्ध हुन्छ, शुभ-भावना भएको हुन्छ। मनसा शक्तिशाली अर्थात् यादको शक्ति पनि श्रेष्ठ हुन्छ, शक्तिशाली हुन्छ र तिनीहरू सहजयोगी हुन्छन्। केवल सहजयोगी पनि होइन तर सहज कर्मयोगी पनि हुन्छन्।

बापदादाले देखुभयो– यादलाई शक्तिशाली बनाउनको लागि धेरैजसो बच्चाहरूको अटेन्शन छ, यादलाई सहज र निरन्तर बनाउनको लागि उमंग-उत्साह पनि छ। अगाडि बढि पनि रहेका छौ र बढि नै रहनेछौ किनकि बाबासँग राम्रो स्नेह छ त्यसैले यादको अटेन्शन पनि राम्रो छ किनभने यादको आधार नै हो 'स्नेह'। बाबासँग रूहरिहान गर्नमा पनि सबै राम्रा छौ। तर कहिलेकाहीँ भने अलिकति आँखा तर्छौ, त्यो पनि तब जब आपसमा थोरै रिसाउँछौ। अनि बाबालाई उल्हना दिन्छौ र भन्छौ– हजुरले किन ठीक पारिदिनुहुन्न?। जे होस्, ती पनि स्नेहले भरिएका प्यारका आँखा हुन्। तर जब संगठनमा आउँछौ, कारोबारमा आउँछौ, परिवारमा आउँछौ अनि संगठनमा बोली अर्थात् वाचा शक्तिमा भने धेरै व्यर्थ देखिन्छौ।

वाणीको शक्ति व्यर्थ जाने भएको कारणले वाणीमा जुन बाबालाई प्रत्यक्ष गर्ने शक्ति अनुभव गराउनु पर्ने हुन्छ त्यो कम हुन्छ। कुरा राम्रो लाग्छ, त्यो अर्कै कुरा हो। बाबाको कुरा दोहोर्यायौ भने त्यो अवश्य राम्रो हुन्छ। तर

वाचाको शक्ति व्यर्थ गएको कारणले शक्ति जम्मा हुँदैन त्यसैले बाबालाई प्रत्यक्ष गर्ने आवाज बुलन्द हुनमा अहिले ढिलो भइरहेको छ। साधारण बोली धेरै छन्। 'अलौकिक बोली होस्, फरिश्ताको बोली होस्'। अहिले यो वर्ष यसमा अन्डरलाइन गर्नु छ। जसरी ब्रह्मा बाबालाई देख्यौ– फरिश्ताको बोली थियो, कम बोली र मधुर बोली थियो। जुन बोलीको फल निस्कन्छ त्यो बोली यथार्थ बोली हुन्छ र जुन बोलीको फल निस्कदैन त्यो व्यर्थ हुन्छ। चाहे कारोबारको बोली होस्, करोबारको लागि पनि बोल्नु त पर्छ नि त्यसलाई पनि लामो नबनाऊ। अब शक्तिलाई जम्मा गर्नु छ। जसरी 'याद'द्वारा मनसाको शक्ति जम्मा गर्छौ, साइलेन्समा बस्दा 'संकल्प-शक्ति' जम्मा गर्छौ, त्यसैगरी वाणीको शक्ति पनि जम्मा गर।

एउटा हाँसोको कुरा सुनाउँछु– बापदादाको वतनमा सबैका जम्माका भण्डारीहरू छन्। तिमीहरूका सेवाकेन्द्रमा पनि भण्डारीहरू छन् नि। बाबाको वतनमा बच्चाहरूका भण्डारीहरू छन्। हरेकले सारा दिनमा मनसा, वाचा, कर्मणा– तीनै शक्तिहरू बचत गरेर जम्मा गर्छन्, ती हुन् भण्डारी। मनसा शक्ति कति जम्मा गर्यौ, वाचा शक्ति, कर्मणा शक्ति कति जम्मा गर्यौ– यी सबैका पोतामेल छन्। तिमीहरूले पनि खर्च र बचतको पोतामेल पठाउँछौ नि। बापदादाले पनि आज यी जम्माका भण्डारीहरू हेर्नुभयो। अनि के निस्कियो होला? जम्माको खाता कति निस्कियो होला? हरेकको रिजल्ट त आ-आफ्नो छ। भरिएका भण्डारीहरू त धेरै थिए तर तिनमा खुजुरा धेरै थिए। साना बच्चाहरूले भण्डारीमा जम्मा गरे भने भण्डारी कति भारी हुन्छ! वाचाको रिजल्टमा विशेष यो देखियो। जसरी यादमाथि अटेन्शन छ, त्यसैगरी वाचामाथि त्यति अटेन्शन देखिएन। त्यसैले यो वर्षमा वाचा र कर्मणा– यी दुवै शक्तिलाई जम्मा गर्ने योजना बनाऊ। जसरी सरकारले पनि भिन्न-भिन्न विधिले वचतको योजना बनाउँछ नि। त्यसैगरि यसमा मूल मनसा हो– यो त सबैलाई थाहा छ। तर मनसाको साथ-साथै विशेष वाचा र कर्मणा– यी सम्बन्ध-सम्पर्कमा स्पष्ट देखिन्छन्। मनसा फेरि पनि गुप्त हुन्छ तर यी प्रत्यक्ष दिखेने हुन्छन्। बोलीमा जम्मा गर्ने साधन हो– 'कम बोल, मिठो बोल र स्वमानले बोल'। जसरी ब्रह्मा बाबाले साना र ठूलालाई स्वमानको बोलीले आफ्नो बनाउनु भयो। यही विधिले जति अगाडि बढ्छौ त्यति विजय माला छिटो तयार हुन्छ। त्यसैले यो वर्ष के गर्नु छ? सेवाको साथमा विशेष यी शक्तिहरूलाई जम्मा गर्दै सेवा गर्नु छ।

सेवाका प्लानहरू त सबैले राम्रा-राम्रा बनाएका छौ र अहिलेसम्म जुन प्लान अनुसार सेवा गरिरहेका छौ, चारैतिर– चाहे भारतमा, चाहे विदेशमा राम्रो पनि गरिरहेका छौ र गर्ने पनि छौ। जसरी सेवामा एक अर्काको भन्दा राम्रो रिजल्ट निकाल्ने शुभ-भावनाले अगाडि बढिरहेका छौ त्यसैगरी सेवामा संगठित रूपमा सदा सन्तुष्ट रहने र सन्तुष्ट पार्ने विशेष संकल्प पनि सदा साथ-साथै रहोस् किनकि एउटै समयमा तीन प्रकारका सेवा साथ-साथै गरिन्छ। पहिलो हो– आफ्नो सन्तुष्टता, यो हो स्वको सेवा। दोस्रो– संगठनमा सन्तुष्टता, यो हो परिवारको सेवा। तेस्रो– भाषाद्वारा वा कुनै पनि विधिद्वारा विश्वका आत्माहरूको सेवा। एउटै समयमा तीन प्रकारका सेवा हुन्छन्। कुनै पनि कार्यक्रम बनाउँछौ भने त्यसमा तीनै सेवा समाहित हुनुपर्छ। जसरी विश्वको सेवाको रिजल्ट वा विधिलाई ध्यानमा राख्छौ त्यसैगरी दुवै 'स्व' र 'संगठन'को पनि सेवा गरेर– तीनै निर्विघ्न हुन्, त्यसपछि भनिनेछ– सेवाको नम्बरवन सफलता। तीनै सफलतासँगसँगै हुनु नै नम्बर लिनु हो। यो वर्ष तीनै सेवामा सफलता साथ-साथै होस्– यो नगरा बजोस्। यदि एउटा कुनामा मात्र नगरा बज्यो भने कुम्भकर्णहरूको कानसम्म पुग्दैन। जब चारैतिर यो नगरा बज्छ अनि सबै कुम्भकर्णहरू जाग्नेछन्। अहिले एउटा जाग्यो भने अर्को सुत्छ फेरि अर्को जाग्दा फेरि अर्को पनि सुत्छ। अलिकति जागिहाले भने पनि 'राम्रो-राम्रो' भनेर फेरि सुत्छन्। तर जागेर मुखबाट अथवा मनले 'हे प्रभु!' भनेर मुक्तिको वर्सा लिए भने मात्र समाप्ति हुनेछ। जागे भने न मुक्तिको वर्सा लिन्छन्। त्यसैले बुझ्यौ के गर्नु छ? एक अर्काको सहयोगी बन। अरुलाई बचाउँदा आफ्नो बचाउ अर्थात् बचत स्वतः हुन्छ।

सेवाको प्लानमा जतिलाई सम्पर्कमा समीप ल्याउँछौ त्यति सेवाको प्रत्यक्ष रिजल्ट देखिन्छ। सन्देश दिने सेवा त गर्दै आएका छौ र गर्दै जानु पनि छ तर विशेष यो वर्ष केवल सन्देश नदिनु, सहयोगी पनि बनाउनु छ अर्थात् सम्पर्कमा समीप ल्याउनु छ। मात्र फाराम भराउने– यो त चलिरहन्छ तर यो वर्ष अझ अगाडि बढ्नु छ। फाराम भर्नु तर फाराम भराएर मात्र नछोड्नु, सम्बन्धमा पनि ल्याऊ। जस्तो व्यक्ति त्यसैगरी सम्पर्कमा ल्याउने योजना बनाऊ। चाहे स-साना कार्यक्रम गर तर लक्ष्य यस्तो राख्नु छ। सहयोगी केवल एक घण्टाको लागि अथवा फारम भर्ने समयसम्मको लागि मात्र बनाउनु छैन तर सहयोगद्वारा उसलाई समीप पनि ल्याउनु छ त्यसैले सम्पर्कमा, सम्बन्धमा ल्याऊ। अनि अगाडि गएर सेवाको रूप परिवर्तन हुन्छ। तिमीहरूले आफ्नो लागि केही गर्नु पर्दैन।

तिम्रोतर्फबाट सम्बन्धमा आउनेहरूले बोल्नेछन्, तिमीहरूले केवल आशीर्वाद र दृष्टि दिनु पर्छ। जसरी आजकल शंकराचार्यलाई कुर्सीमा बसाउँछन् त्यसैगरी तिमीहरूलाई पूज्यको कुर्सीमा बसाउने छन्, चाँदीको होइन। धरनी तयार गर्नेहरू निमित्त बन्नेछन् र तिमीहरूले केवल दृष्टीले बीज राख्नु छ, दुई आशीर्वादका बचन बोल्नु छ अनि प्रत्यक्षता हुन्छ। तिमीहरूमा बाबा देखिनु हुनेछ र बाबाको दृष्टि, बाबाको स्नेहको अनुभूति लिनासाथ प्रत्यक्षताको नारा लाग्न थाल्नेछ।

अहिले सेवाको गोल्डेन जुबली त पूरा गर्यौ। अब अझै सेवा गर्नेछौ र हेरी-हेरी तिमीहरू हर्षित पनि भइरहनेछौ। जसरी पोपले के गर्छन्? त्यति ठूलो सभाको बीचमा दृष्टि दिँदै आशीर्वादको बोली बोल्छन्। लम्बा-चौडा भाषण गर्न अरू कोही निमित्त बन्छन्। तिमीहरूले भन– हामीहरूलाई बाबाले सुनाउनु भएको छ यसको सट्टामा अरूले भन्नेछन्– यिनीहरूले जे सुनाउँछन् त्यो बाबाको हो, अरू कोही छँदै छैन। यसरी बिस्तारै-बिस्तारै यस्ता सहयोगी ह्यान्डहरू तयार हुनेछन्। जसरी सेवाकेन्द्र सम्भाल गर्नको लागि सहयोगी हेण्डहरू तयार भएका छन् नि, त्यसैगरी स्टेजमा तिम्रोतर्फबाट अरू बोल्नेहरू, अनुभव गरेर बोल्नेहरू निस्कनेछन्। केवल महिमा गर्नेहरू होइन, ज्ञानको गुह्य प्वाइन्टलाई स्पष्ट गर्नेहरू, परमात्म-ज्ञानलाई सिद्ध गर्नेहरू– यस्ता निमित्त बन्नेछन्। तर यसको लागि त्यस्तै-त्यस्तै मानिसहरूलाई स्नेही, सहयोगी बनाएर सम्पर्कमा ल्याउँदै सम्बन्धमा ल्याउनु छ। यी सबै कार्यक्रमको लक्ष्य नै यो हो– यस्ता सहयोगी बनाऊ जुन स्वयं तिमी 'माइट' बन र तिनीहरू 'माइक' बन्नेछन्। यो वर्षको सहयोगको सेवाको लक्ष्य 'माइक' तयार गर्नु हो जसले अनुभवको आधारले तिम्रो वा बाबाको ज्ञानलाई प्रत्यक्ष गरून्। जसको प्रभाव स्वत: नै अरू माथि परोस् त्यस्ता माइक तयार गर्नु छ। बुझ्यौ, सेवाको उदेश्य के हो, यतिका जुन कार्यक्रम बनाएका छौ त्यसको सार के निस्कन्छ? खुब सेवा गर तर यो वर्ष सन्देश दिनु त छ र साथमा यसलाई पनि थप गर्नुछ। नजरमा राख– को-को यस्ता पात्र छन् र तिनीहरूलाई समय-समयमा भिन्न-भिन्न विधिले सम्पर्कमा पनि ल्याऊ। यस्तो होइन– एउटा कार्यक्रम गर्यौ, फेरि अर्को माथिबाट गर्यौ, त्यही माथि तेस्रो पनि गर्यौ तर पहिलाका जहाँको त्यहीँ छन् र फेरि अर्काथरी आउँछन्। यहाँ पनि जम्माको शक्ति प्रयोगमा ल्याउनु पर्छ। हरेक कार्यक्रममा जम्मा गर्दै जानु छ। अन्त्यमा यस्ता सम्बन्ध-सम्पर्कवालाको माला बनोस्। बुझ्यौ? बाँकी के रह्यो? मिलन गर्ने कार्यक्रम।

यो वर्ष बापदादाले ६ महिनाको सेवाको रिजल्ट हेर्न चाहनुहुन्छ। सेवामा जुन पनि योजनाहरू बनाएका छौ त्यसको लागि चारैतिर एक अर्काको सहयोगी बनेर खुब चक्कर लगाउनु छ। सबै साना-ठूलालाई उमंग-उत्साहमा ल्याएर तीनै प्रकारको सेवामा अगाडि बढाउनु छ त्यसैले बापदादाले यो वर्ष पूरा रातलाई दिन बनाएर दिनु भएको छ। अहिले तीनै प्रकारको सेवाको फल खाने वर्ष हो यो। आउने होइन, फल खाने वर्ष हो। यो वर्ष आउने कुरा निश्चित छैन। बाबाको सकाश त सदा नै साथमा छ। जुन ड्रामाको भावी छ त्यो बताएँ। ड्रामाको भावीलाई स्वीकार गर्नु नै पर्छ। खुब सेवा गर। ६ महिनामा नै रिजल्ट थाहा हुन्छ। बाबाको आशालाई पूर्ण गर्ने प्लान बनाऊ। जहाँ हेरे पनि, जसलाई हेरे पनि– हरेकका संकल्प, बोली र कर्म बाबाको आशाको दीप जगाउनेवाला होऊन्। पहिला मधुबनमा यो उदाहरण देखाऊ। बचतको स्किमको नमुना पहिला मधुबनमा बनाऊ। यसलाई पहिला बैंकमा जम्मा गर। मधुबनकालाई पनि वरदान त मिलिसक्यो। बाँकी जो रहेका छन् तिनीहरूलाई पनि यो वर्षमा चाँडै पूरा गरिनेछ किनकि बाबाको स्नेह त सबै बच्चाहरूसँग छ। त्यसो त हरेक बच्चा प्रति हर कदममा वरदान छ। जो दिलका स्नेही आत्माहरू छन् तिनीहरू चल्छन नै हर कदम वरदानले। बाबाको वरदान केवल मुखले होइन दिलबाट पनि छ र दिलको वरदानले सदा नै दिलमा खुशी, उमंग-उत्साहको अनुभव गराउँछ। यो दिलको वरदानको निशानी हो। दिलको वरदानलाई जसले पनि आफ्नो दिलले धारण गरेका हुन्छन्, त्यसको निशानी हुन्छ– तिनीहरू सदा खुशी र उमंग-उत्साहले अगाडि बढिरहन्छन्। कहिल्यै पनि कुनै पनि कुरामा न अड्किन्छन्, न रोकिन्छन्, वरदानले उडिरहन्छन् र अरू कुरा सबै तल रहन्छन्। साइडसीनले पनि उड्नेहरूलाई रोक्न सक्दैन।

आज बापदादाले सबै बच्चाहरूलाई जसले पनि दिलबाट अथक बनेर सेवा गरेका छन् ती सबै सेवाधारीलाई यो सीजनको सेवाको लागि बधाई दिइरहनु भएको छ। मधुबनमा आएर मधुबनको श्रृङ्गार बनेका छन्, यस्ता श्रृङ्गार बनेका बच्चाहरूलाई पनि बापदादाले बधाई दिइरहनु भएको छ र निमित्त बनेका श्रेष्ठ आत्माहरूलाई पनि सदा अथक बनेर बाबा समान आफ्नो सेवाले सबैलाई रिफ्रेश गरेकोले बधाई दिइरहनु भएको छ र रथलाई पनि बधाई दिनुहुन्छ। चारैतिरका सेवाधारी बच्चाहरूलाई बधाई दिनुहुन्छ। निर्विघ्न बनेर बढिरहेका छौ र बढिरहनु छ।

देश-विदेशका सबै बच्चाहरूलाई आएकोमा पनि बधाई छ र रिफ्रेश भएकोमा पनि बधाई छ। तर सदा रिफ्रेश रहनु छ, ६ महिनासम्म मात्र होइन। रिफ्रेश माथि झन रिफ्रेश हुन आउनु छ किनकि बाबाको खजाना माथि त सबै बच्चाहरूको सदा नै अधिकार हुन्छ। बाबा र खजाना सदा साथ हुन्छ र सदा नै साथ रहन्छ। केवल जुन अन्डरलाइन गराइएको छ त्यसमा विशेष स्वयंलाई एक्जाम्पल (उदाहरण) बनाएर एक्जाम (परीक्षा)मा थप नम्बर लिनु छ। अरूलाई हेर्नु छैन, आफूलाई एक्जाम्पल बनाउनु छ। यसमा जो ओटे सो अर्जुन अर्थात् नम्बरवन हुन्छ। अर्को पटक आउँदा फरिश्ताको कर्म, फरिश्ताको संकल्प, फरिश्ताको बोली सदा हरेक धारण गर्ने खालका देखिऊँन्। यस्तो परिवर्तन संगठनमा देखियोस्। हरेकले अनुभव गरून् कि यो फरिश्ताको बोली, फरिश्ताको कर्म कति अलौकिक छ! यो परिवर्तन समारोह बापदादाले हेर्न चाहानुहुन्छ। यदि हरेकले सारा दिनको आपनो बोली टेप गर्यौं भने धेरै राम्रोसँग थाहा पाउनेछौ। चेक गर्यौं भने थाहा हुन्छ– कति व्यर्थ जान्छ भन्ने। मनको टेपमा चेक गर। स्थूल टेपमा होइन। साधारण बोली पनि व्यर्थमा जम्मा हुन्छ। यदि ४ वचनको ठाँउमा २४ वचन बोल्यौ भने २० कहाँ गयो? शक्ति जम्मा गर, अनि तिम्रा दुई वचनले पनि आशीर्वादको र एक घण्टाको भाषणको काम गर्नेछ। अच्छा!

चारैतिरका सर्व कुर्बान जाने रूहानी पुतलीहरूलाई, सर्व बाबा समान बन्ने दृढ संकल्पले अगाडि बढ्ने विशेष आत्माहरूलाई, सदा उड्तीकलाद्वारा कुनै पनि प्रकारको साइडसीनलाई पार गर्ने डबल लाइट बच्चाहरूलाई रूहानी ज्योति बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

वरदान:– कल्याणको भावनाद्वारा हरेक आत्माको संस्कारलाई परिवर्तन गर्ने निश्चयबुद्धि भव

जसरी बाबामा १०० प्रतिशत निश्चयबुद्धि छ, कसैले जतिसुकै डगमग गर्ने कोसिस गरोस् तर गर्न सक्दैन, त्यसैगरी दैवी परिवार वा संसारी आत्माद्वारा कसैले जस्तोसुकै परीक्षा लेओस्, क्रोधी बनेर सामना गरोस् वा कसैले इनसल्ट गरोस्, गाली गरोस्– त्यसमा पनि डगमग हुनु हुँदैन, यस्तोमा केवल हरेक आत्माहरू माथि कल्याणको भावना होस्, यस्तो भावनाले त्यस्ताकौ संस्कारलाई परिवर्तन गरिदिन्छ। यसमा केवल अधैर्य हुनु हुँदैन, समय प्रमाण फल अवश्य निस्कन्छ– यो ड्रामाको भावी हो।

स्लोगन:– पवित्रताको शक्तिले आफ्ना संकल्पलाई शुद्ध र ज्ञान स्वरूप बनाएर कमजोरीहरूलाई समाप्त गर।